- विभाग र मन्त्रालयबाट माग भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण समयमै उपलब्ध गराउने ।
- मन्त्रालय र विभागबाट भएका पंजिकरण सम्बन्धी परिपत्र तथा निर्देशनहरू सवै वडा कार्यालय र स्थानीय पंजिकाधिकारीकहां उपलब्ध गराउने ।

## १६. शिक्षा, युवा तथा खेलकुद शाखा

- नगर शिक्षा समिति गठन, विद्यालय व्यवस्थापन समिति गठन र विद्यालयको नामाकरण गर्ने।
- संघीय सरकारको शिक्षा नीति बमोजिम स्थानीय तहमा पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र संचालन तथा व्यवस्थापन गर्ने ।
- स्थानीयस्तरमा खेलकूद संघसंस्थाको नियमन, प्रवर्द्धन, खेल संरचना र पूर्वाधार निर्माण तथा व्यवस्थापनका कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने सामुदायिक विद्यालयलाई दिने अनुदान, बजेट व्यवस्थापन, विद्यालयको आय-व्ययको लेखा अनुशासन कायमम, अनुगमन र नियमन गर्ने ।
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण लगायत सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्ने ।
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन सम्बन्धी नीति निर्माण र स्वीकृत गराउने ।
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन गर्ने।
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन, विद्यार्थीको सिकाई उपलब्धीको परीक्षण गर्ने । निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन, ट्यूसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन गर्ने ।
- मातृभाषामा शिक्षा दिने विद्यालयको लागि नियमानुसार अनुमति दिने, अनुगमन तथा नियमन गर्ने।
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन, सामुदायिक विद्यालयको जग्गा र सम्पत्तिको अभिलेख राख्ने, संरक्षण र व्यवस्थापन गर्ने ।
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकासका कार्यक्रम तर्जुमा गर्ने।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने ।
- व्यवसायिक शिक्षा तालिम परिषदको समन्वय, सहयोग र सहकार्यमा स्थानीयस्तरमा रोजगारमूलक व्यवसायिक शिक्षा तथा तालिम कक्षा संचालन गर्न कार्यविधि तयार गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने ।
- औपचारिक शिक्षामा पहुँच नभएका तथा विद्यालय बाहिर रहेका बालवालिका र वयस्कहरूका लागि अनौपचारिक कक्षा, साक्षरता कक्षाको व्यवस्थापन गर्ने ।
- नगर क्षेत्रको विकास निर्माणमा स्थानीय युवा जनशक्तिको अत्यधिक परिचालन गर्ने व्यवस्था मिलाउने।
- खेलकूदको विकास र प्रवर्द्धनका लागि जिल्ला खेलकंद विकास समितिसंग समन्वय गरी।
- नगरस्तरमा खेलकुदका पूर्वाधार निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- नगरपालिकामा खेलकुद विकासका लागि युवा क्लव गठन, परिचालन र नगरस्तरीय खेलकुद प्रतियोगिताको आयोजना गर्न बजेट विनियोजन गर्ने ।
- खेलकुद पूर्वाधार खेल मैदान, कभर्डहल, रंगशाला निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने।

- राष्ट्रियस्तरका खेलकुद प्रतियोगिताहरूमा नगरक्षेत्रका खेलाडीहरूलाई सहभागी गराउन आवश्यक तालिम र खेल सामग्री तथा खेल मैदानको व्यवस्थाका लागि कार्यक्रम तजुमा गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने ।
- युवा परिषद जिल्ला ईकाईको समन्वयमा युवा जागरण तथा उद्यमशिलता र नेतृत्व विकासका लागि युवा सशक्तिकरणका कार्यक्रम तर्जुमा र संचालन गर्ने ।
- स्थानीयस्तरमा प्रचलित सामुदायिक खेलको जगेर्ना र संरक्षण गर्ने कार्यक्रम तर्जुमा गर्ने ।

## १७. स्वास्थ्य शाखा

- आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने ।
- स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनःउपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन गर्ने ।
- सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी गर्ने ।
- सङ्घीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण गर्ने।
- मातहत स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र तथा वर्थिङ सेण्टरहरूको काम कारवाहिमा समन्वय, सहजिकरण, सहयोग एवं अनुगमन र निर्देशन गर्ने ।
- आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन गर्ने ।
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन गर्ने ।
- सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन गर्ने, रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन गर्ने ।
- नगरपालिका क्षेत्रभीत्र औषधि पसल सञ्चालन अनुमति, अनुगमन र नियमन गर्ने ।
- महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन गर्ने ।
- स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण गर्ने ।
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन गर्ने ।
- स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन गर्ने।
- स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना तथा जनस्वास्थ्य सेवाको प्रवर्द्धन गर्ने ।
- जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन, सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि गर्ने ।
- जनस्वास्थ्य, आपत कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन, रोगको नियन्त्रण तथा रोकथाम गर्ने ।
- आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन ।

## १८. कृषि विकास शाखा

- विभिन्न कार्यक्रमको मध्य पहाडी मकै बाली प्रवर्द्धन कार्यक्रम, आ.व. २०८१/०८२ मा सञ्चालन भएका पकेट विकास निरन्तरता कार्यक्रम, रैथाने बाली प्रवर्द्धन कार्यक्रम, बर्ष फलफुलका बिरुवा वितरण कार्यक्रम, बाली विशेष कृषि उत्पादन कार्यक्रम (अदुवा र बेसार), धान र मकैको बीउ माग सूचना प्रकाशन गरी माग सङ्कलन र बीउ वितरण भएको ।
- संघीय ससर्त अनुदान तर्फको खाद्यान्य बालीको उन्नत बीउ उपयोग (५० % अनुदान) मा ८०० के.जि मकैको उन्नत बीउ तथा ४०० के.जि धानको उन्नत बीउ वितरण गरिएको ।
- बाली विशेष कृषि उत्पादन कार्यक्रम अन्तर्गत ३००० के.जी. अदुवाको बीउ तथा १२५० के.जी बेसारको बीउ वितरण भएको ।
- नविनतम प्रविधिसहितको धान मकै बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत १२०० के.जी उन्नत मकैको बीउ वितरण तथा मिनिटिलर खरिद गर्नको लागि ईबिडिङ गरिएको ।
- कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम अन्तर्गत कृषकहरुको अनलाईन डाटा सङ्कलन गर्ने कार्य सम्पन्न भई गणकलाई भुक्तानी दिईएको ।
- राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम, मध्य पहाडी मकै बाली प्रवर्द्धन कार्यक्रम, अकबरे खुर्सानी प्रवर्द्धन कार्यक्रम तथा वन्यजन्तुबाट बाली संरक्षण गर्न मागमा आधारित सामाग्री वितरण कार्यक्रमको लाभग्राही छनौट गरिएको ।
- मागमा आधारित घुम्तीस्थलगत तालिम अन्तर्गत माग गर्ने एकल महिला कृषकलाई तालिम दिई सम्पन्न भईसकेको ।
- मध्य पहाडी मकै बाली प्रवर्द्धन कार्यक्रम र अकबरे खुर्सानी खेती प्रवर्द्धन कार्यक्रमका अनुदानग्राहीको स्थलगत अनुगमन साथै सम्झौता भई कार्य सुरु भईसकेको ।
- कृषक समूह दर्ता तथा नविकरण भएको ।
- रासायनिक मलको १ पटक बैठक बसी युरिया ३१.९ मे.टन मलको सिफारिस १५ वटा सहकारीलाई दिईएको ।
- कृषकको खेतबारीमा विभिन्न बालीमा लागेका रोग किरा तथा अन्य समस्याको समस्याग्रस्त बोट बिरुवालाई स्थलगत रुपमा समस्या पहिचान गरी समाधानका उपायहरु बारे प्राविधिक सल्लाह/सूझाव प्रदान गर्नुका साथै जङ्गली जनावरले क्षति गरेका कृषकको क्षति मुल्याङ्कन गरिएको ।
-

## १९. संघ सस्था प्रवर्धन, पर्यटन तथा उद्यम विकास शाखा

- संघ सस्था दर्ता, नविकरण तथा नियमन गर्ने ।
- लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन गर्ने ।
- उद्यमशीलता प्रवर्द्धन गर्ने ।
- सीप विकास सम्बन्धी कार्यको प्रवर्द्धन गर्ने ।
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीय स्तरको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।
- पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास गर्ने ।
- परम्परागरत रूपमा चलिआएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन गर्ने ।

- स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापन गर्ने ।
- पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने ।
- पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन गर्ने ।
- पुरातात्विक, धार्मिक महत्वका सम्पदाहरूको संरक्षण तथा सम्वर्द्धन गर्ने ।
- भाषा, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रवर्द्धन र विकास गर्ने ।

## २०. पशु विकास शाखा

- पशुपालन, पशुपंक्षि वजार सूचना, पशुस्वास्थ्य सम्बन्धी स्थानीय नीति कानून, मापदण्ड, योजना कार्यान्वयन अनुगमन गर्ने ।
- पशुचिकित्सालयको स्थापना, सञ्चालन र पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन गर्ने ।
- पशुपंक्षि जन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रणका लागि उपचारात्मक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।
- पशु बधशाला निर्माण तथा शीत भण्डारणको व्यवस्थापन र नियमनका लागि आवश्यक कार्यक्रम तर्जुमा गर्ने ।
- पशुपालनमा उत्साहित कृषकहरूका लागि लगानी आवश्यक परेमा सामुहिक ऋृण लगानीका लागि स्थानीय वित्तिय कम्पनी, बैंक तथा सहकारी संस्थाहरूसंगको समन्वयमा कार्यक्रम तर्जुमा गरी नगरपालिकामा प्रस्तुत गर्ने ।
- छाडा पशु चौपायाको नियन्त्रण र व्यवस्थापनका लागि कान्जी हाउसको व्यवस्था गर्ने ।
- स्थानीयस्तरमा पशुपंक्षी सम्बन्धी तथ्याङ्क संकलन, व्यवस्थापन र सूचना प्रणालीको अद्यावधिक गर्ने ।
- पशुआहारको गुणस्तर जांच, अनुगमन र नियमन गर्ने, स्थानीय चरन तथा खर्क विकास, संरक्षण र व्यवस्थापन गर्ने ।
- पशुपंक्षि विमा र कर्जा सहजिकरण गर्ने कार्यक्रमहरू तर्जुमा गर्ने ।
- पशुपालन सम्बन्धी सीप ज्ञान प्रवर्द्धनका लागि स्थानीय कृषकहरूलाई समूहमा आवद्ध गरी तालिम, गोष्ठि, कृषि अवलोकन भ्रमणको कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- पशुपालक कीसानहरूको संख्या र तथ्यांकका आधारमा समूहिकृत गरी व्यवसायिक रूपमा पशुपालनको विकास गर्ने ।
- स्थानीयस्तरमा पशुपंक्षि पालक कृषकहरूको सहजताका लागि स्थानीय हावापानी र वातावरण अनुकुलको डालेघांस र उन्नत जातका घासको विउ रूिवा उपलब्ध गराउने ।
- पशु नश्लसुधार पद्धतिको विकास र व्यवस्थापन, स्थानीय चरन र खर्क विकास तथा पशु आहारको गुणस्तर नियमन गर्ने ।
- पशु स्वास्थ्य सम्बन्धी आधुनिक प्रविधि सम्बन्धी स्थानीय पशुपालक कृषकलाई तालिम प्रशिक्षण र अवलोकन भ्रमणका कार्यक्रम संचालन गर्ने ।
- नगपालिकाका वडाहरूलाई पायक पर्ने गरी पशुसेवाकेन्द्र स्थापना र सेवा प्रवाहका लागि पाविधिक जनशक्तिको आवश्यकता अध्ययन गरी नगरपालिकामा सुझाव सहित कार्यक्रम प्रस्तुत गर्ने ।
- पशुपालनलाई व्यवसायिक बनाउन सहयोग हुने खालका कार्यक्रम संचालनमा स्थानीय उपभोक्ता तथा संघसंस्था परिचालन हुने कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।

## २१. आन्तरिक लेखापरीक्षण शाखा

- लेखापालन सम्वन्धी क्षमता विकास कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि कार्यपालिकामा प्रस्तुत गर्ने।
- आर्थिक अनुशासन कायम राख्न भएका खर्चका प्रवृत्तिमा आवश्यक सुधार ल्याउन प्रतिवेदन सहित कार्यपालिकामा सुझाव प्रस्तुत गर्ने ।
- लेखा तथा राजस्वक्षेत्रमा कार्यरत कर्मचारीहरूका लागि आर्थिक अनुशासन सम्बन्धी आचारसंहिता र मापदण्ड तर्जुमा गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने ।
- आन्तरिक तथा पूर्व लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्ने ।
- लेखापरीक्षण विवरण (बेरूजूको लगत समेत) को अभिलेख व्यवस्थापन गर्ने ।
- अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजिकरणका लागि आवश्यक कागजात नियमित गरीराख्ने।
- कार्यपालिकामा लेखापालन सम्वन्धी क्षमता विकास र आर्थिक अनुशासन कायम राख्न सल्लाह र सुझाव पेश गर्ने।
- लेखा शाखा र लेखा समितिलाई आवश्यक सहयोग गर्ने ।
- अन्तिम लेखापरीक्षणका लागि आवश्यक कागजात तयार गर्न लगाई प्रकृया नपुगेकोमा प्रकृया पूरा गरी तयारी राख्ने ।
- अन्तिम लेखापरीक्षणबाट देखा परेका बेरूजु फछ्यौटका लागि नगर कार्यपालिकामा सुझाव सहित कार्यक्रम पेश गर्ने र बेरूजु रकम असुलीमा सहयोग गर्ने ।

## २२. नगर प्रहरी एकाई

- नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।
- नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण, स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापनमा सहयोग गर्ने ।
- बजार क्षेत्रभित्र नगरपालिकाद्वारा निधारित कर, शुल्क, दस्त दण्ड जरिवाना उठाउन नगर प्रहरी परिचालन गर्ने, सो को अभिलेख राख्ने र उक्त रकम थयाशक्य छिटो राजश्व शाखामा दाखिला गर्ने गर्न लगाउने ।
- नगरपालिका क्षेत्रभित्रका बाटो, ढल, पाटीपौवा, मठ मन्दिर, पेटी, चौर आदी सार्वजनिक सम्पत्तिको हानी नोक्सानी र अतिकमण हुन नदिन नियमित रूपमा रेखदेख गर्ने ।
- गाउँ वा नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने ।
- न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयनमा तोकिए बमोविजमको कार्य गर्ने ।
- सार्वजनिक ऐलानी र पती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षाका लागि कार्यालयले तोकेबमोजिम कार्य गर्ने ।
- विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्र्थापनामा सक्रिय रहने ।
- अनधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण गर्ने, छाडा पशु चौपायाको नियन्त्रण गर्ने।

- प्रचलित ऐन कानूनको आधारमा नगरपालिकाबाट निर्धारित विविध विषयका मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि निरीक्षण गर्ने गराउने र सो को प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

## नगरपालिकाबाट प्रदान गरिने सेवा, जिम्मेवार अधिकारी र लाग्ने दस्तुर

### क) नगरपालिकाबाट प्रदान गरिने सेवासँग सम्बन्धित विषयमा

**सन्धिखर्क नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सन्धिखर्क, अर्घाखाँची**
**नागरिक वडापत्र**

| क्र.सं. | सेवा सुविधाको विवरण | सेवाग्राहीले पुऱ्याउनुपर्ने प्रकृया तथा कागजातहरु | लाग्ने शुल्क/दस्तुर | सेवा लिन लाग्ने समय | जिम्मेवार पदाधिकारी/ कर्मचारी तथा शाखा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नगर सभाबाट स्वीकृत योजना कार्यान्वयनको लागि उपभोक्ता समितिको सिफारिस | १. वडा प्रतिनिधिको रोहवरमा सम्बन्धित योजनाका उपभोक्ताहरुको भेलाबाट ७ देखि ११ सदस्यीय उपभोक्ता समितिको गठन भएको हुनुपर्ने ।<br>२. उपभोक्ता भेलाबाटै योजनागत ३ देखि ५ सदस्यीय अनुगमन समितिको गठन भएको हुनुपर्ने ।<br>३. उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला र अध्यक्ष सचिव र कोषाध्यक्ष पदमा कम्तिमा १ जना महिला हुनुपर्ने ।<br>४. योजनागत अनुगमन समितिमा समेत ३३ प्रतिशत महिला हुनुपर्ने ।<br>५. उपभोक्ता समितिमा सरकारी जनप्रतिनिधि,कर्मचारी, निर्माण व्यवसायी, कुनै पनि सार्वजनिक कसुर सजाय नलागेको व्यक्ति हुनुपर्ने ।<br>६. एकै घरको एक भन्दा बढी सदस्य समावेश नभएको हुनुपर्ने ।<br>७. उपभोक्ता भेलाबाट गठित समितिको बैठक बसी योजना सम्झौताको लागि सिफारिस माग र सम्झौता गर्न समितिका पदाधिकारीलाई जिम्मा दिई पठाइएको निर्णय भएको हुनुपर्ने। उल्लेखित कागजातहरुको प्रतिलिपि संलग्न राखी योजना सम्झौता गर्न गाउँपालिकामा जानका लागि सिफारिस मागको निवेदन पेश गर्ने । | नि:शुल्क | प्रक्रिया पुगेमा निवेदन पेश भएकै दिन | वडा अध्यक्ष/ वडा सचिव | |
| २ | योजना सम्पन्न भएको अन्तिम किस्ता रकम भुक्तानीको लागि नगरपालिकामा सिफारिस | १. योजना सम्झौताको समयावधि भित्र कार्यसम्पन्न भएको सम्झौता बमोजिमको रकम भुक्तानीको लागि देहायको कागजात संलग्न राखी सिफारिस मागको निवेदन पेश गर्ने ।<br>२. योजनागत अनुगमन समितिले अनुगमन गरेको निर्णय प्रतिलिपि तोकिएका पालिकास्तर/वडास्तरका कर्मचारीको रोहवरमा उपभोक्ता भेलामा तोकिएको ढाँचामा सार्वजनिक परीक्षण गरि उपभोक्ताहरुबाट अनुमोदन गराएको निर्णयको प्रतिलिपी । | नि:शुल्क | १ वडास्तरीय अनुगमन समितिबाट अनुगमन भएको र प्रक्रिया पुगेमा निवेदन पेश भएकै दिन ।<br>२. अनुगमन नभएको भए २ दिन | वडा अध्यक्ष/ वडा सचिव | |
| ३ | घर जग्गा नामसारी सिफारिस | १. घर जग्गा नामसारी सम्वन्धी विस्तृत विवरण खुलेको निवेदन ।<br>२. निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।<br>३. मृतक र निवेदक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि ।<br>४. जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि ।<br>५. सर्जिमिन मुचुल्का गर्नुपर्ने भए सर्जिमिन साक्षी बस्नेको नागरिकता । प्रमाणपत्रको प्रतिलिपि ।<br>६. चालु आर्थिक वर्षसम्मको मालपोत र घर जग्गा कर वा एकीकृत सम्पत्ति कर तिरेको रसिद । | नगर सभाले तोके बमोजिम | प्रकृया पुगेको १ दिन भित्र | १. वडा अध्यक्ष<br>२. वडा सदस्य<br>३. वडा सचिव<br>४.सम्वन्धित फाँटका कर्मचारी | |
| ४ | छात्रावृत्ति सिफारिस | १. सम्बन्धित व्यक्तिको निवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।<br>२. घर भएमा चालु आर्थिक वर्षसम्मको मालपोत घर जग्गा कर वा एकीकृत सम्पत्ति कर तिरेको रसिद ।<br>३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि । | नगर सभाले तोके बमोजिम | १ दिन सर्जिमिनको हकमा बढीमा ३ दिन । | १. वडा अध्यक्ष<br>२. वडा सदस्य<br>३. वडा सचिव<br>४. सम्वन्धित फाँटका कर्मचारी | |
| ५ | विपन्न छात्रावृत्ति सिफारिस | १. सम्बन्धित व्यक्तिको निवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।<br>२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।<br>३. निवेदन सहित तोकिएको कागजातहरु पेश गर्ने । | नगर सभाले तोके बमोजिम | सोही दिन सर्जिमिनको हकमा ३ दिन | १. वडा अध्यक्ष<br>२. वडा सदस्य<br>३. वडा सचिव<br>४. सम्वन्धित फाँटका कर्मचारी | |
| ६ | आपाङ्ग छात्रावृत्ति सिफारिस | १. सम्बन्धित व्यक्तिको निवेदन, नागरिकता प्रमाणपत्र र जन्म दर्ताको प्रतिलिपि ।<br>२. कुन प्रकारको अपाङ्गता हो सो सम्बन्धी मेडिकल सुपरिटेन्डेन्टको सफारिस ।<br>३. व्यक्ति स्वयंम उपस्थित हुनुपर्ने वा सम्वन्धित कर्मचारीको प्रतिवेदन । | नगर सभाले तोके बमोजिम | सोही दिन सर्जिमिनको हकमा ३ दिन | १. वडा अध्यक्ष<br>२. वडा सदस्य<br>३. वडा सचिव<br>४. सम्वन्धित फाँटका कर्मचारी | |
| ७ | बसाई, सराई जाने आउने/दर्ता | १. निवेदन र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।<br>२. वसाई सराई गरी जानेको हकमा परिवारको विवरण सहित सम्वन्धित वडा कार्यालयको बसाई सराईको कागजात ।<br>३. वसाई सराई जाने आउनेको ठाउँको जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि ।<br>४. वसाई सराई आउने जानेको हकमा बसाई सराई प्रमाणपत्र तथा जाने आउने सबै व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।<br>५. जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि ।<br>६. चालु आर्थिक वर्षसम्म घर जग्गा र मालपोत कर वा एकीकृत सम्पत्ति कर तिरेको रसिद । | नगर सभाले तोके बमोजिम | सोही दिन सर्जिमिनको हकमा ३ दिन | १. वडा अध्यक्ष<br>२. वडा सदस्य<br>३. वडा सचिव<br>४.सम्वन्धित फाँटका कर्मचारी | |
| ८ | नागरिकता र नागरिकता प्रतिलिपि सिफारिस | १. निवेदन पत्र र आमा र बुवाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>२. जन्म दर्ता प्रमाण पत्रको सिफारिस ।<br>३. विवाहित महिलाको हकमा पति र आमा बुवाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि चारित्रिक प्रमाणपत्रको प्रतिलिपि (विद्यार्थीको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि (विवाहितको हकमा) बसाई सराई आएको हकमा बसाई सराईको प्रमाणपत्रको प्रतिलिपि ।<br>४. दुवै कान देखिने पासपोर्ट साइजको फोटो २ प्रति ।<br>५. चालु आर्थिक वर्षसम्मको मालपोत र घर जग्गा कर वा एकीकृत सम्पत्ति कर तिरेको रसिद वा कर निर्धारण स्वीकृत भएको कागजात ।<br>६. कर्मचारी परिवारको हकमा सम्वन्धित कार्यालयको सिफारिस ।<br>७. नागरिकता प्रमाणपत्रको प्रतिलिपि । | नगर सभाले तोके बमोजिम | सोही दिन सर्जिमिनको हकमा ३ दिन | १. वडा अध्यक्ष<br>२. वडा सदस्य<br>३. वडा सचिव<br>४.सम्वन्धित फाँटका कर्मचारी | |
| ९ | मृत्यु दर्ता | १. निवेदन ।<br>२. मृतकको नागरिकता र सूचना दिन आउनेको नागरिकताको प्रतिलिपि ।<br>३. मृतकसँग सम्वन्ध जोडिने प्रमाणपत्र ।<br>४. अविवाहित मृतकको हकमा स्थानीय सर्जिमिन पत्र ।<br>५. मृतकको नागरिकता नभएको हकमा स्थानीय सर्जिमिन पत्र ।<br>६. सूचना दिने व्यक्तिको नागरिकता नभएमा समेत स्थानीय सर्जिमिन पत्र । | नगर सभाले तोके बमोजिम | सोही दिन सर्जिमिनको हकमा ३ दिन | १. वडा अध्यक्ष<br>२. वडा सदस्य<br>३. वडा सचिव<br>४.सम्वन्धित फाँटका कर्मचारी | |
| १० | जन्म दर्ता | १. निवेदन पत्र ।<br>२. बालकको बाबु आमाको नागरिकताको प्रतिलिपि ।<br>३. चालु आर्थिक वर्षसम्मको मालपोत घर जग्गा कर वा एकीकृत सम्पत्ति कर तिरको रसिद ।<br>५. अस्पतालमा जन्म भएको हकमा सम्वन्धित अस्पतालले जन्म प्रमाणित गरेको परिचयपत्रको प्रमाणित प्रतिलिपि । | नगर सभाले तोके बमोजिम | सोही दिन सर्जिमिनको हकमा ३ दिन | १. वडा अध्यक्ष<br>२. वडा सदस्य<br>३. वडा सचिव<br>४.सम्वन्धित फाँटका कर्मचारी | |
| ११ | विवाह दर्ता | १. सम्वन्धित व्यक्तिको निवेदन पत्र ।<br>२. दुलाहा र दुलाहीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।<br>३. चालु आर्थिक वर्षसम्मको मालपोत र घर जग्गा कर वा एकीकृत सम्पत्ति कर तिरको रसिद । | नगर सभाले तोके बमोजिम | सोही दिन सर्जिमिनको हकमा ३ दिन | १. वडा अध्यक्ष<br>२. वडा सदस्य<br>३. वडा सचिव<br>४.सम्वन्धित फाँटका कर्मचारी | |
| १२ | घर बाटो प्रमाणित | १. निवेदन (बाटोको नाम, टोल समेत खुलाइएको ) नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।<br>२. जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि ।<br>३. जग्गा रहेको क्षेत्रको प्रमाणित सक्कल नापी नक्सा ।<br>४. चालु आर्थिक वर्षसम्मको मालपोत र घर जग्गा कर वा एकीकृत सम्पत्ति कर तिरेको रसिद वा कर निर्धारण स्वीकृत भएको कागजात ।<br>४. लिने दिने दुवै व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि<br>५. स्थलगत निरीक्षण प्रतिवेदन । | नगर सभाले तोके बमोजिम | सोही दिन सर्जिमिनको हकमा ३ दिन | १. वडा अध्यक्ष<br>२. वडा सदस्य<br>३. वडा सचिव<br>४.सम्वन्धित फाँटका कर्मचारी | |
| १३ | नयाँ व्यवसाय दर्ता | १. सम्वन्धित व्यक्तिको निवेदन पत्र ।<br>२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।<br>३. विदेशिको हकमा राहादानीको प्रमाणित प्रतिलिपि वा सम्वन्धित दुतावासबाट निजको परिचय खुल्ने सिफारिस ।<br>४. पासपोर्ट साइजको २ प्रति फोटो । | नगर सभाले तोके बमोजिम | सोहि दिन सर्जिमिनको हकमा ३ दिन | १. वडा अध्यक्ष<br>२. वडा सदस्य<br>३. वडा सचिव<br>४.सम्वन्धित फाँटका कर्मचारी | |
| १४ | व्यवसाय नविकरण | १. निवेदन पत्र ।<br>२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।<br>३. स्थानीय तहबाट दर्ता भएको व्यवसाय दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।<br>४. बाहाल सम्झौताको प्रतिलिपि ।<br>५. आफ्नै घर टहरा भए चालु आर्थिक वर्षसम्मको मालपोत र घरजग्गा कर तिरेको रसिद । | नगर सभाले तोके बमोजिम | सोहि दिन सर्जिमिनको हकमा ३ दिन | १. वडा अध्यक्ष<br>२. वडा सदस्य<br>३. वडा सचिव<br>४.सम्वन्धित फाँटका कर्मचारी | |
| १५ | व्यक्तिगत विवरण सिफारिस । | १. निवेदन पत्र ।<br>२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।<br>३. चालु आर्थिक वर्षसम्मको मालपोत र घर जग्गा र एकीकृत सम्पत्ति कर तिरेको रसिद ।<br>४. विषयसँग सम्वन्धित अन्य प्रमाण र कागजातहरु । | नगर सभाले तोके बमोजिम | सोहि दिन सर्जिमिनको हकमा ३ दिन | १. वडा अध्यक्ष<br>२. वडा सदस्य<br>३. वडा सचिव<br>४.सम्वन्धित फाँटका कर्मचारी | |

**ख) सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर**

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन ।
- सामान्य आकारको कागज (८.३ ईन्च चौडाई र ११.७ ईन्च लम्बाई सम्म साईज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठसम्मको सूचना निशुल्क उपलब्ध गराईने छ । दश पृष्ठ भन्दा बढीको सूचना दिँदा सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ मा उल्लेख भए बमोजिम शुल्क लिईनेछ ।

**ग) सूचना उपलब्ध गराए बापत शुल्क लिने तरिका**

- नगरपालिकाकले सूचना दिँदा लिने दस्तुर बापतको रकम नगदै लिन वा कुनै खास बैंकमा जम्मा गरी सोको भौचर पेश गर्न लगाउन वा सो रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउने छ ।

**घ) सेवा प्राप्त गर्न लाग्ने समयावधि**

- नागरिक बडापत्रमा सेवा प्राप्त गर्न लाग्ने समयावधि तोकिएकोमा सोही अवधीभित्र र नागरिक बडापत्रमा अवधी नतोकिएकोमा प्रचलित कानूनमा तोकिएको समयावधिभित्र ।

## निर्णय गर्ने प्रक्रिया र अधिकारी

### क) निर्णय गर्ने प्रक्रिया सम्बन्धमा

सामान्यतः कानून निर्माण तथा अन्य नीतिगत विषयमा नगरसभा र कार्यपालिका बैठकमा आवश्यक छलफल पश्चात सर्वसम्मत रूपमा निर्णय हुने गर्दछ । सर्वसम्मत निर्णय हुन नसकेमा बहुमत सदस्यहरूको भावनालाइ समेटी नगर प्रमुखले गरेको निर्णय बैठकको निर्णय हुने गरेको छ । यस बाहेकका अन्य प्रशासनिक विषयमा देहाय बमोजिम निर्णय हुने गर्दछ ।

- **नगरपालिकाले उपलब्ध गराउने सेवा सम्बन्धमाः**

✓ सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम ।

- **सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचनाको सम्बन्धमाः**

✓ सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम ।

### ख) निर्णय गर्ने अधिकारी सम्बन्धमा

- नगर प्रमुखस्तरबाट
- नगर उपप्रमुखस्तरबाट
- प्रमुख प्रशासकीय अधिकृतस्तरबाट

### ग) निर्णय उपर उजुरी सुन्ने अधिकारी

- नगर प्रमुख
- नगर उपप्रमुख
- प्रमुख प्रशासकीय अधिकृत

### घ) सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद

- कार्यालय प्रमुखः प्रमुख प्रशासकीय अधिकृत श्री प्रमोद खनाल
- सूचना अधिकारीः बरिष्ठ प्रशासकीय अधिकृत श्री नवराज गौतम

**सम्पादन गरेका मूख्य मूख्य कामको विवरण**

**१. राजश्व शाखा**

- वाणिज्य फर्म दर्ता -३
- उद्योग दर्ता-१२
- वाणिज्य -नविकरण -११
- उद्योग नविकरण -७
- दर्ता खारेजी-उद्योग -६
- वाणिज्य खारेजी-१०
- पुँजी वृद्धि-३
- राजस्व जम्मा संकलन २०८२ माघ देखी चैत मसान्त मसान्त सम्म रु.७६४४१५९.३०/-

**२. पशु सेवा शाखा**

१.सामुदायिक तथा घरपालुवा कुकुरहरुमा भ्याक्सिनेशन तथा उपचार कार्यक्रम
क. रेविज भ्याक्सिनेशन संख्या -५०३

२. पशुपन्छी उपचार तथा परामर्श संख्या —
क.मेडिकल उपचार - ३३०९
ख. बन्ध्याकरण - १८६
ग. सर्जिकल सेवा - २७६
घ.गाईनो - १४६९
३. प्रयोगशाला सेवा ३१४

४.कृत्रिम गर्भाधान सेवा
गाई - ५९८
भैंसी — ३३६२

५. परजीवि नियन्त्रण
आन्तरिक परजीवि- = ८१७१
बाह्यय परजीवि ६७२८

६. खनिज मिश्रण/मिनरल ब्लक वितरण संख्या — १४२८

७. सामुदायिक कुकुरहरुमा स्थायी बन्ध्याकरण तथा भ्याक्सिनेशन शिविर

स्थायी बन्ध्याकरण = १०८

भ्याक्सिनेशन शिविर = ५००

८. वर्सिम घाँसको बीउ वितरण = ८३३ के.जी.

९. गाई/भैसी प्रवर्द्धन कार्यक्रम वडा नं.९- १२ वटा गोठ निर्माण सुधार

## ३. कृषि विकास शाखा

- संघीय सशर्त अनुदानतर्फ खाद्यान्न बालीको उन्नत बीउ उपयोग (५०% अनुदान) कार्यक्रम अन्तर्गत ११,००० के.जी. गौतम जात, ६,३०० के.जी. स्वर्गद्वारी जात गरी जम्मा १७,३०० के.जी. गहुँको उन्नत बीउ, ८०० के.जी. मकैको उन्नत बीउ तथा ४०० के.जी. धानको उन्नत बीउ कृषकहरूलाई वितरण गरिएको ।

- मौरीघार तथा मौरीजन्य सामग्री वितरण कार्यक्रम अन्तर्गत ४३२ वटा मौरीघार, २४४ वटा क्विनगेट र १७६ वटा घुम्टी वितरण गरिएको ।

- बाली विशेष कृषि उत्पादन कार्यक्रम अन्तर्गत ३,००० के.जी. अदुवाको बीउ तथा १,२५० के.जी. बेसारको बीउ वितरण गरी अदुवा तथा बेसार खेतीको क्षेत्र विस्तार, उत्पादन वृद्धि तथा जङ्गली जनावरबाट हुने क्षति न्यूनीकरणमा सहयोग पुगेको ।

- मागमा आधारित घुम्ती स्थलगत तालिम मार्फत माग गर्ने एकल महिला कृषकहरूलाई उन्नत तरकारी खेती प्रविधि, बाली व्यवस्थापन तथा कृषिमा देखिने विभिन्न समस्या र समाधानका उपायबारे प्राविधिक जानकारी प्रदान गरिएको ।

- मध्य पहाडी मकै बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत ६०० के.जी. मकैको बीउ, १३ वटा मिनिटिलर, ६ वटा सिड प्लान्टर, ३ वटा मल्टिमिल, ६ वटा डिजिटल काटा, २ वटा कर्नसेलर, १८ वटा त्रिपाल तथा २ वटा स्प्रेयर वितरण गरिएको। यसबाट करिब ६०० रोपनी क्षेत्रफलमा मकै खेती विस्तार हुनुका साथै कृषि यान्त्रिकीकरण मार्फत कृषि कार्य छिटो, सहज तथा श्रम बचत हुने भएको ।

- नवीनतम प्रविधिसहित धान–मकै बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत १,२०० के.जी. उन्नत मकैको बीउ वितरण गरी करिब १,२०० रोपनी क्षेत्रफलमा खेती विस्तार गरिएको ।

- किसान सूचीकरण कार्यक्रम अन्तर्गत १,५८६ कृषक घरधुरी सूचीकरण गरिएको तथा कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम अन्तर्गत १,०६६ कृषक घरधुरीको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गरिएको ।

- हिउँदे तथा वर्षे फलफूल, जडीबुटी तथा धार्मिक महत्वका बिरुवा वितरण कार्यक्रम अन्तर्गत १,१२५ वटा सुन्तला, ६८५ वटा कागती, ५० वटा मौसम, ७०० लिची र ६५० वटा आँपका बिरुवा वितरण गरी करिब ३७० रोपनी क्षेत्रफलमा फलफूल खेती विस्तार गरिएको ।

- अकबरे खुर्सानी खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत करिब ५०,००० अकबरे खुर्सानीका बेर्ना, २२ रोल मल्चिङ प्लास्टिक, १,०५० के.जी. गड्यौले मल, २५ वटा क्यारेट तथा ५ वटा स्प्रेयर वितरण गरी १ वटा कृषि सहकारी र ७ जना कृषक प्रत्यक्ष रूपमा लाभान्वित भएका ।

- होमस्टे/सुपादेउराली क्षेत्रमा पुष्प खेती कार्यक्रम अन्तर्गत फूलका बीउ तथा आवश्यक कृषि सामग्री वितरण गरी करिब १५ रोपनी क्षेत्रफलमा पुष्प खेती विस्तार भएको तथा कृषकहरूको आयआर्जनमा वृद्धि भएको ।

- राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम अन्तर्गत ७३५ वटा सुन्तलाका बिरुवा तथा अन्य आवश्यक कृषि सामग्री वितरण गरी करिब ५० रोपनी क्षेत्रफलमा सुन्तला खेती विस्तार गरिएको ।

- तरकारी बालीको नयाँ पकेट विकास कार्यक्रम अन्तर्गत १२ वटा मिनिटिलर, ६ वटा डिजिटल काटा, १२ वटा पावर स्प्रेयर, ३ रोल इन्सेक्टनेट, ४ रोल मल्चिङ प्लास्टिक, १८ वटा प्लास्टिक टनेल, ९ वटा स्थायी टनेल तथा ५ वटा अस्थायी टनेल निर्माण, ३,२०० के.जी. आलुको बीउ तथा विभिन्न तरकारीका बीउ वितरण गरी करिब १४० रोपनी क्षेत्रफलमा तरकारी खेती विस्तार गरिएको। यसबाट उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र कृषकको आयआर्जनमा उल्लेखनीय सुधार भएको ।

- स्थानीय मल वितरण व्यवस्थापन समितिको १४ पटक बैठक बसी १५ वटा सहकारीमार्फत वितरणका लागि ९२८५ बोरा युरिया तथा ५४७८ बोरा डि.ए.पि मलको सिफारिस गरिएको।

- विभिन्न कार्यक्रम अन्तर्गत १४३ जना कृषकलाई विभिन्न बालीको खेती प्रविधि तथा रोग कीरा सम्बन्धी ६ पटक तालिम सञ्चालन गरिएको ।

- कृषक समूह/सहकारीको दर्ता, नवीकरण, खारेज तथा विभिन्न सिफारिस गर्ने कार्य गरिएको ।

- हाट बजारमा टहरा निर्माण तथा कोल्ड स्टोरेजमा ३५ मे.टनका ४ वटा च्याम्बर निर्माण ।

- जनता एग्रो फरेष्ट्री लि. संगको सम्झौता बमोजिम कृषकले उत्पादन गरेका कृषि उपजको (अदुवा- २८५ के.जी र बेसार- २,८७४ के.जी) बजारीकरणमा सहजीकरण गरिएको ।

- कृषकहरूको खेतबारीमा विभिन्न बालीमा देखिएका रोग, कीरा तथा अन्य समस्याको स्थलगत निरीक्षण गरी समस्या पहिचान, नियन्त्रण तथा व्यवस्थापनका उपायबारे प्राविधिक परामर्श प्रदान र विभिन्न कार्यक्रमको स्थलगत अनुगमन, फिल्ड भेरिफिकेशन गर्नुका साथै, जङ्गली जनावरबाट भएको बाली क्षतिको स्थलगत मूल्याङ्कन गरी आवश्यक सिफारिस तथा सहजीकरण गरिएको ।

## ४. महिला बालबालिका, जेष्ठ नागरिक तथा सामाजिक विकास शाखा

- अपाङ्गता परिचयपत्र वितरण : मिति २०८२/०४/२५ देखि २०८३/०३/२५ सम्म १० पटक अपाङ्गता परिचयपत्र वितरण समितिको बैठक सञ्चालन गरी महिला १३ जना र पुरुष ३३ जना गरी जम्मा ४६ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको।
- एच.आई.भी./एड्स संक्रमित सहयोग : एच.आई.भी./एड्स संक्रमित १५ जनालाई सन्देश समूह, सन्धिखर्क—अर्घाखाँची मार्फत पोषणयुक्त खाद्य सामग्री वितरण गरिएको।
- दिवस तथा सचेतनामूलक कार्यक्रम : मानव बेचबिखन तथा ओसारपसार विरुद्धको दिवस, अन्तर्राष्ट्रिय बाल दिवस, संविधान दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, अन्तर्राष्ट्रिय अपाङ्गता दिवस, विद्यालयस्तरीय निबन्ध प्रतियोगिता तथा लैङ्गिक हिंसा सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षण सम्पन्न गरी समावेशी शासन प्रवर्द्धनका लागि आवश्यक सुझाव तथा कार्ययोजना तयार गरिएको।
- ज्येष्ठ नागरिक सशक्तीकरण : वडा तथा नगरस्तरीय ज्येष्ठ नागरिकका कानुनी हकअधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुका साथै ज्येष्ठ नागरिक समाज र मिलन केन्द्रलाई व्यवस्थापन सहयोग उपलब्ध गराइएको।
- जनजाति तथा एकल महिला सशक्तीकरण : जनजाति सशक्तीकरण कार्यक्रम सञ्चालन गर्नुका साथै १२ वटै वडामा एकल महिला सञ्जाल गठन, क्षमता अभिवृद्धि तथा सीपमूलक तालिम सञ्चालन गरिएको।
- महिला क्षमता विकास : वडा नं. ६, १० र १२ मा महिला पञ्चेबाजा क्षमता विकास तथा उपप्रमुख सशक्तीकरण कार्यक्रमअन्तर्गत एकल महिलाका लागि अचार बनाउने तालिम सञ्चालन गरिएको।
- सामाजिक कुरीति तथा घरेलु हिंसा न्यूनीकरण : टोल विकास संस्थामार्फत जातीय छुवाछुत, छाउपडी, बालविवाह, बहुविवाह, दाइजो, बोक्सी प्रथा तथा घरेलु हिंसा न्यूनीकरणका लागि बहस, पैरवी र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको।
- बाल संरक्षण तथा सहयोग : विपन्न परेका तथा अभिभावकविहीन बालबालिकालाई विद्यालय झोला, पोशाक, यातायात खर्च तथा अन्य आवश्यक सहयोग उपलब्ध गराइएको।
- अपाङ्गता तथा असहाय व्यक्तिको संरक्षण : मानव सेवा आश्रम, बुटवलमार्फत बौद्धिक अपाङ्गता भएका तथा असहाय व्यक्तिहरूको पुनःस्थापना र संरक्षणमा सहयोग प्रदान गरिएको।

- मानवअधिकार तथा हिंसापीडित संरक्षण : पाँचौं राष्ट्रिय मानवअधिकार कार्ययोजनासम्बन्धी अभिमुखीकरण सञ्चालन गर्नुका साथै हिंसापीडित महिला तथा किशोरीका लागि अल्पकालीन सेवा केन्द्र सञ्चालन गरी आवश्यक सेवा उपलब्ध गराइएको।
- जीविकोपार्जन तथा उद्यान व्यवस्थापन : विपन्न महिलाका लागि जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्नुका साथै ज्येष्ठ नागरिक केन्द्रको व्यवस्थापन र बाल उद्यानका लागि आवश्यक सामग्री उपलब्ध गराइएको।
- उपप्रमुख विशेष कार्यक्रम : उपप्रमुख असल बुहारी सम्मान तथा अभिभावकविहीन बालबालिका सम्मान कार्यक्रम सञ्चालन गरी सामाजिक संरक्षण र प्रोत्साहनका कार्यहरू सम्पन्न गरिएको।

## ५. शिक्षा युवा तथा खेलकुद शाखा

- सामुदायिक विद्यालयहरूमा विभिन्न तह र श्रेणीमा कार्यरत स्थायी शिक्षकहरूको शैक्षिक सत्र २०८१ को कार्य सम्पादन मुल्याङ्कन फारम सम्बन्धी कार्य सम्पन्न गरी शिक्षा विकास तथा समन्वय इकाइ र प्रदेशमा पठाइएको,
- स्थायी, अस्थायी शिक्षहरूको आ.व.२०८१।०८२ को सम्पत्ति विवरण एकिन गरी अस्थायी अस्थायी शिक्षकहरूको राष्ट्रिय सतर्कता केन्द्रमा पठाइएको,
- वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तयार गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाइएको,
- शिक्षक तथा विद्यालय कर्मचारीहरू, सामुदायिक सिकाइ केन्द्रका परिचालिका तथा विशेष विद्यालयका आयाहरूको प्रथम,दोस्रो, तेस्रो र चौथो त्रैमासिक  तलब भत्ता निकासा,
- आधारभूत तह कक्षा (१-८) सञ्चालित विद्यालयहरूमा इलेक्ट्रिक हाजिरी जडान गरिएको,
- सामुदायिक विद्यालयहरूमा कार्यरत स्थायी शिक्षकहरूको आ.व.२०८२।८३ को तलबी प्रतिवेदन पारित गरिएको,
- पञ्चवर्षिय नगर शिक्षा योजना लेखन कार्य पुरा भइ कार्यपालिकामा पेस प्रमाणिकरणका लागि कार्यपालिकामा पेस गरिएको,
- बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरूका लागि दिवा खाजा निकासा गरिएको,
- सामुदायिक विद्यालयहरूलाई शिक्षण सहयोग अनुदान निकासा भएको,
- विद्यालय सञ्चालन व्यवस्थापन अनुदान, निशुल्क पाठ्यपुस्तक अनुदान (७५%), अपुग पाठ्यपुस्तक रकम, प्रति विद्यार्थी इकाइ लागत आवासीय तथा गैर आवासीय छात्रवृत्ति र विपन्न लक्षित छात्रवृत्ति विद्यालयहरूलाई निकासा गरिएको,
- आधारभूत तह कक्षा-८ उत्तीर्ण परीक्षा सञ्चालन र नतिजा प्रकाशनको कार्य सम्पन्न भएको,
- सामुदायिक विद्यालयहरूमा रिक्त शिक्षक/ कर्मचारी पदमा शिक्षक पदपूर्तिको कार्य सम्पन्न भएको,
- कक्षा ३ र ५ को उपलब्धी परिक्षाको प्रश्नपत्र छपाइ, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशन सम्पन्न भएको ,

- श्री जनज्योति माध्यमिक विद्यालयसँग विज्ञान शिक्षा प्रवर्द्धन कार्यक्रम र श्री जनताकृष्ण माध्यमिक विद्यालयसँग नमूना विद्यालय शैक्षिक तथा व्यवस्थापकीय अनुदान कार्यक्रम सम्झौता भइ कार्य सम्पन्न पश्चात विद्यालयलाई अनुदान रकम निकासा दिइएको,
- शिक्षकहरूका लाग एकीकृत पाठ्यक्रममा आधारित कार्यशाला, शिक्षण सिकाइमा प्रविधिको प्रयोग ICT र आधारभूत तह कक्षा १-५ मा अध्यापनरत शिक्षकहरूका लागि अंग्रेजी र गणित विषयमा क्षमता विकास कार्यशाला सञ्चालन
- विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा पदाधिकारी र प्रधानाध्यापहरू, खाजा तयारीमा संलग्न कर्मचारी, कृषि सहकारी,अगुवा कृषक तथा जनप्रतिनिधिहरूका लागि स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवाखाजा प्रारूप २०८१ सम्बन्धी अभिमूखीकरण सम्पन्न,
- ६-१२ मा अध्ययनरत छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड खरिद भइ भुक्तानी कार्य सम्पन्न भएको साथै विद्यालयहरूलाई सेनिटरी प्याड वितरण कार्य समेत सम्पन्न भएको,
- शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षक अन्तर्गत विद्यालयहरूमा भर्चुअल कक्षा, इलनिङ्ग, ICT ल्याव र विज्ञान प्रयोगशाला व्यवस्थापन अन्तर्गत विद्यालय छनौट भइ कार्य सम्पन्न पश्चात विद्यालयलाई भुक्तानी दिइएको,
- पाणिनि बहुमुखी क्याम्पस छात्रबृत्ति सम्बन्धित क्याम्पसलाई निकासा दिइएको,
- धार्मिक विद्यालय श्री पाणीनि वेद विद्याश्रम र मर्दरसा विद्यालयलाई वार्षिक एकमुष्ट अनुदान निकासा दिइएको,
- सन्धिखर्क नगरपालिकाको स्थानीय पाठ्यक्रम २०७८ परिमार्जन गरी कक्षा आठको स्थानीय पाठ्यपुस्तक लेखन कार्य सम्पन्न भएको छ।
- विभिन्न विद्यालयमा अनुगमन तथा विद्यालयलाई सुझाव प्रदान गरिएको।

## ६. स्वास्थ्य शाखा

- औषधी बिद्युतिय बोलपत्रको माध्यमबाट औषधी खरिद भई स्वास्थ्य संस्थासम्म पूर्याउने कार्य भएको ।
- स्वास्थ्य संस्थाहरुको बार्षिक प्रगती समिक्षा सम्पन्न भएको ।
- सुत्केरी भएका महिला तथा नवशिशुहरुलाई नर्सिङ्ग कर्मचारीबाट घरमै गई चेकजाँच कार्य भएको ।
- सबै विद्यालयहरुमा ५ वर्ष माथीका ९४११ जना विद्यार्थीहरुलाई २ पटक जुकाको औषधि वितरण गरिएको ।
- ५ वर्ष मुनिका ३६७७ जना बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधि खुवाउने कार्य सम्पन्न भएको ।
- भाद्र महिनामा २६७५ जनाले कोभिड खोप प्राप्त गरेको ।

- ग्याट्रो शिविर सम्पन्न भएको जसमा ४८ जनाको ईन्डोस्कोपी भई २०५ जनाले निःशुल्क सेवा प्राप्त गरेका ।
- विद्यालयहरुमा किशोरीहरुलाई आईरन फोलिक एसिड खुवाउने कार्य सम्पन्न भएको जसमा २५६४ जनाले प्राप्त गरेको ।
- ४ वटा विद्यालयहरुमा किशोरीहरुको रक्तअल्पता परिक्षण गरिएको ।
- पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप सम्बन्धी नगर र वडा स्तरिय अभिमुखिकरण सम्पन्न भएको ।
- नगरपालिका भित्र रहेका कक्षा ६ कक्षाका र गत वर्ष छुट भएका ७ देखि १० कक्षाका ३८४ जना किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप दिने कार्य सम्पन्न भएको ।
- स्वास्थ्यकर्मीहरुलाई पूर्णखोप सम्बन्धी योजना तर्जुमा गोष्ठी सम्पन्न भएको ।
- स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड सम्बन्धी मूल्याङ्कन र फलोअप सम्पन्न भएको ।
- पूर्ण संस्थागत प्रसुतीयुक्त वडा घोषणाका लागि वडा नम्बर ३, ८ र १० मा घरधुरी सर्वेक्षणको कार्य सम्पन्न भएको ।
- स्वास्थ्यकर्मीबाट सबै वडाहरुमा पूर्णखोप सम्बन्धी घरधुरी सर्वेक्षणको कार्य सम्पन्न भएको ।
- ४ वटा विद्यालयहरुमा विद्यालय नर्स ४ जनालाई करारमा राखिएको ।
- किशोरी आईरन कार्यक्रम अन्तर्गत विद्यालयहरुमा १० देखि १९ वर्ष सम्म सम्मका किशोरीहरुलाई आईरन चक्की खुवाउने कार्य सम्पन्न भएको ।
- स्वास्थ्य कार्यक्रमको अर्धवार्षिक समिक्षा सम्पन्न भएको ।
- ६ वटा वडालाई पूर्ण संस्थागत प्रसुतीसेवायुक्त वडा घोषणा गरिएको ।
- पूर्ण खोप नगरपालिका घोषणा गरिएको ।
- पोषणमैत्री स्थानीय तह सम्बन्धी नगरपालिका स्तरिय समितिलाई अभिमुखिकरण गरिएको ।
- डेंगी र स्क्रब टाईफस सम्बन्धी टोल विकास संस्थालाई अभिमुखिकरण गरि लामखुट्टेको लार्भा खोज र नष्ट गर्ने अभियान सञ्चालन गरिएको ।
- स्वास्थ्य संस्थाको लागि १० वटा ल्यापटप खरिद भएको ।

## ७. प्रशासन तथा योजना शाखा

- यस कार्यालयबाट गरिने विभिन्न किसिमका सिफारिसहरु तयार गर्ने गरेको ।
- यस नगरपालिकामा प्राप्त पत्रहरु दर्ता र यस कार्यालयबाट पठाईने पत्रहरु चलानी गर्ने गरेको ।
- चौमासिक तथा बार्षिक प्रगति प्रतिवेदन तयार गरी मन्त्रालय, जिसस, को.ले.नि.का पठाइएको ।
- स्थानीय सेवा ऐन बमोजिम कर्मचारीहरुको बढुवा गरिएको।
- कर्मचारीको रमाना, हाजिरी रेकर्ड लगायतका प्रशासनिक कार्यहरु गर्ने गरेको ।
- रिक्त विभिन्न पदहरुमा पदपूर्ती गरिएको ।
- चौमासिक प्रगति प्रतिवेदन तयार गरी संघीय मन्त्रालय, प्रदेश मन्त्रालय, जिसस, को.ले.नि.का निर्धारित समय भित्रै पठाइएको ।
- आर्थिक वर्ष २०८१/८२ का आर्थिक करोवारको अन्तिम लेखापरिक्षण सम्पन्न गरिएको ।
- आर्थिक वर्षमा कार्यान्वयनका लागि स्वीकृत कुल ४९६ वटा योजनामध्ये ४८० वटा योजनाको कार्य सम्पन्न भएको छ।
- विभिन्न प्राविधिक, प्रशासनिक तथा अन्य अपरिहार्य कारणवश ४ वटा योजना रद्द भएका छन्।
- सम्झौता सम्पन्न भए तापनि विभिन्न कारणले १२ वटा योजनाको कार्यान्वयन हुन सकेको छैन।
- योजना तथा कार्यक्रमहरूको भौतिक प्रगति ९७.१३ प्रतिशत हासिल भएको छ।
- योजना तथा कार्यक्रमहरूको वित्तीय प्रगति ८८.६७ प्रतिशत रहेको छ।